# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाकोट, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.: ०७६/०७७
चलानी नम्बर/Dispach No.: ६७८

मितिः/Date: २०७६/०९/१५

विषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

श्री सेफ स्टील्स प्रा.लि.
हाजिपुर, चितवन ।

प्रस्तुत विषयमा यस पाणिनी गाउँपालिकाको चालु आ.व. ०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत विभिन्न झोलुङ्गे पुलको लागि फेब्रीकेटेड स्टील पार्टस खरिद गर्न मिति २०७६/०८/०३ को नयाँपत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना नं. PRM/ARG/TB/G/NCB-01/76-77 बमोजिम मिति २०७६/०९/०३ गते १२.०० बजेसम्म यस कार्यालयमा दर्ता भई सोही दिन दिनको २.०० बजे बोलपत्र खोली खोलिएका ४ (चार) बोलपत्रको मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम परीक्षण तथा मूल्याङ्कन गर्दा तपाईंले पेश गर्नुभएको बोलपत्रमा कबोल रकम रु. २०९५३३८.८० (अक्षरुपी बीस लाख पन्चानब्बे हजार तीन सय अड्तीस र पैसा असी मात्र भ्याट बाहेक) रहेको र उक्त रकम लागत अनुमान रु.२७४३४७४.९३ (अक्षरुपी सत्ताइस लाख त्रिचालिस हजार चार सय चवात्तर र पैसा त्रियानब्बे मात्र भ्याट बाहेक) भन्दा २३.६२% ले घटी देखिएकोले उक्त बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही ठहर भई मूल्याङ्कन समितिबाट छनौटका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ संशोधित को दफा २७ को उपदफा (२) बमोजिम त्यस श्री सेफ स्टील्स प्रा.लि.हाजिपुर चितवनको बोलपत्र स्वीकृत गरिने आशयको पत्र जारी गरिएको ब्यहोरा अनुरोध छ ।

यसरी जारी गरिएको आशयपत्रको उल्लेखित व्यहोरामा असहमति वा चित्त नबुझेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम यो पत्रको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा लिखित निवेदन पेश गर्न सक्ने प्रावधान रहेको व्यहोरा अन्य बोलपत्रदाताहरुलाई यसै पत्र मार्फत जानकारी गराइएको छ ।

२०७६।०९।१५

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री एस के इन्जिनियरिङ्ग इन्डष्ट्रिज बुटवल ।
श्री जुनकिरी इन्डष्ट्रिज प्रा.लि. बुटवल ।
श्री इन्टर-टेक प्रा.लि. बुटवल ।